
# देशको वर्तमान आर्थिक स्थिति

***(आर्थिक वर्ष २०६९/७० को तीन महिनासम्मको तथ्याङ्कमा आधारित)***

## मौद्रिक स्थिति

### मुद्राप्रदाय




१. आर्थिक वर्ष २०६९/७० को तीन महिनासम्ममा विस्तृत मुद्राप्रदाय ३.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ५.९ प्रतिशतले वृद्धि भएको थियो । वार्षिक विन्दुगत आधारमा २०६९ असोज मसान्तमा विस्तृत मुद्रा प्रदाय १९.४ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०६९/७० को तीन महिनासम्ममा संकुचित मुद्रा प्रदाय अघिल्लो वर्षको सोही अवधिमा ५.० प्रतिशतले बढेको तुलनामा २.० प्रतिशतले मात्र बढेको छ । वार्षिक विन्दुगत आधारमा २०६९ असोज मसान्तमा संकुचित मुद्रा प्रदाय १५.२ प्रतिशतले वृद्धि भएको छ ।

२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ३५ करोड (०.१ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ३३ अर्ब ६६ करोड (१५.६ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा व्यापार घाटा उल्लेख्य वृद्धि भएकोले मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिको वृद्धि कम रहन गएको हो ।

### कुल आन्तरिक कर्जा

३. आर्थिक वर्ष २०६९/७० को तीन महिनासम्ममा कुल आन्तरिक कर्जा २.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ०.९ प्रतिशतले मात्र बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०६९ असोज मसान्तमा यस्तो कर्जा ११.१ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा सरकारको साधन परिचालनको तुलनामा खर्च कम भई यस बैंकमा बचत कायम रही सरकारतर्फको दावी घट्न गएता पनि निजी क्षेत्रतर्फको दावीमा वृद्धि भएकोले कुल आन्तरिक कर्जामा वृद्धि भएको हो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा ५.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो कर्जा १.४ प्रतिशतले विस्तार भएको थियो ।


### सञ्चित मुद्रा

४. समीक्षा अवधिमा सञ्चित मुद्रा ७.० प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा १४.७ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको सरकार माथिको खुद

दावी घटेको तथा खुद वैदेशिक सम्पत्तिमा पनि ह्रास आएकोले सञ्चित मुद्रामा कमी आएको हो। वार्षिक विन्दुगत आधारमा भने २०६९ असोज मसान्तमा सो मुद्रा १०.५ प्रतिशतले बढेको छ।

## बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति

५. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन २.५ प्रतिशत (रु. २४ अर्ब ९७ करोड) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन ५.२ प्रतिशत (रु. ४३ अर्ब १४ करोड) ले बढेको थियो। समीक्षा अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप परिचालन क्रमश: १.७ प्रतिशत, ४.८ प्रतिशत र ३.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा बाणिज्य बैंक र विकास बैंकहरुको निक्षेप परिचालन क्रमश: ६.१ प्रतिशत र २.८ प्रतिशतले बढेको थियो भने वित्त कम्पनीहरुको १.८ प्रतिशतले घटेको थियो।




## बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

६. आर्थिक वर्ष २०६९/७० को तीन महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी ५.४ प्रतिशत (रु. ५१ अर्ब ७९ करोड) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी १.९ प्रतिशत (रु. १६ अर्ब ३ करोड) ले बढेको थियो। समीक्षा अवधिमा बाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको कर्जा तथा लगानी क्रमश: ५.१ प्रतिशत, ३.८ प्रतिशत र १.९ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ५.८ प्रतिशत (रु. ४५ अर्ब २७ करोड) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ०.८ प्रतिशत (रु. ५ अर्ब ५१ करोड) ले बढेको थियो। निजी क्षेत्रतर्फ प्रवाहित कर्जा मध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह ५.७ प्रतिशतले, विकास बैंकहरुको ६.९ प्रतिशतले र वित्त कम्पनीहरुको ५.२ प्रतिशतले बढेको छ।

७. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. १० अर्ब ६४ करोडले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. ४ अर्ब ७५ करोडले मात्र बढेको थियो। त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिसम्ममा कृषि क्षेत्रतर्फको कर्जा रु. २ अर्ब २३ करोडले बढेको तुलनामा समीक्षा अवधिमा रु. ४ अर्ब १५ करोडले बढेको छ। समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. २ अर्ब ३८ करोडले बढेको छ भने थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. १२ अर्ब ७१ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ३ अर्ब २४ करोडले बढेको छ।

## तरलता व्यवस्थापन

८. आर्थिक वर्ष २०६९/७० को तीन महिनासम्ममा खुला बजार कारोवार अन्तर्गत सोझै बिक्री बोलकबोल मार्फत रु. ८ अर्ब ५० करोड बराबरको तरलता प्रशोचन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा रिपो बोलकबोल मार्फत रु. ७४ करोड ३७ लाख बराबरको तरलता प्रवाह भएको थियो।

९. आर्थिक वर्ष २०६९/७० को तीन महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (बाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ५४ करोड खुद खरिद गरी रु. ४६ अर्ब ८६ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ९१ करोड ५९ लाख खुद खरिद गरी रु. ६८ अर्ब ६२ करोड खुद तरलता प्रवाह गरिएको थियो ।

१०. समीक्षा अवधिमा अमेरिकी डलर ७० करोड बिक्री गरी रु. ६० अर्ब ९९ करोड बराबरको भा. रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ५६ करोड बिक्री गरी रु. ५१ अर्ब ८१ करोड बरावरको भा. रु. खरिद भएको थियो ।

### अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग


११. आर्थिक वर्ष २०६९/७० को तीन महिनासम्ममा वाणिज्य बैंकहरुले रु. ३४ अर्ब ६ करोड र अन्य वित्तीय संस्थाहरू (विकास बैंक र वित्त कम्पनीहरुको कारोवार) ले क्रमशः रु. ३० अर्ब ६५ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. ८३ अर्ब ५४ करोड र रु. ५३ अर्ब ४९ करोड बराबरको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा स्थायी तरलता सुविधाको उपयोग भएको छैन । अघिल्लो वर्षको सोही अवधिमा रु. ४ अर्ब २१ करोडको स्थायी तरलता सुविधा उपयोग भएको थियो । समीक्षा अवधिमा बैंकहरुको तरलताको स्थिति सुदृढ रहेकोले अन्तर-बैंक कारोबारमा कमी आउनुका साथै स्थायी तरलता सुविधाको उपयोग नभएको हो ।

### अल्पकालीन ब्याजदर

१२. आर्थिक वर्ष २०६९/७० को असोज महिनामा अघिल्लो वर्षको सोही महिनाको तुलनामा अल्पकालीन ब्याजदरहरुमा कमी आएको छ । सो अनुसार ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर अघिल्लो वर्षको असोज महिनामा १.८२ प्रतिशत रहेकोमा २०६९ असोज महिनामा ०.३१ प्रतिशत रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरु बीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर अघिल्लो वर्षको असोजमा १.०८ प्रतिशत रहेको तुलनामा २०६९ असोजमा ०.३३ प्रतिशत रहेको छ भने अन्य वित्तीय संस्थाहरु बीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर अघिल्लो वर्षको असोजमा ७.६५ प्रतिशत रहेको तुलनामा २०६९ असोजमा ४.२३ प्रतिशत रहेको छ ।

## धितोपत्र बजार

१३. नेप्से सूचकाङ्क वार्षिक बिन्दुगत आधारमा २९.१ प्रतिशतले वृद्धि भई २०६९ असोज मसान्तमा ४२७.३ बिन्दुमा पुगेको छ । सो सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा २१.२ प्रतिशतले घटी २०६८ असोज मसान्तमा ३३१.० बिन्दु कायम भएको थियो ।




चार्ट ३: नेप्से परिसूचक (२०६८/६९-२०६९/७०)

१४. धितोपत्रको बजार पूँजीकरणमा वार्षिक बिन्दुगत आधारमा ३४.० प्रतिशतको उल्लेख्य वृद्धि भई २०६९ असोज मसान्तमा रु. ४०४ अर्ब ६३ करोड कायम भएको छ । २०६९ असोज मसान्तमा कायम बजार पूँजीकरणको आर्थिक वर्ष

२०६८/६९ को कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात २६.० प्रतिशत रहेको छ । २०६८ असोज मसान्तमा यस्तो अनुपात २२.१ प्रतिशत रहेको थियो ।

१५. बजार पूँजीकरणका आधारमा धितोपत्र बजारमा बैंक तथा वित्तीय संस्थाहरूको सबैभन्दा बढी हिस्सा रहेको छ । २०६९ असोज मसान्तमा कायम रहेको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरू (बीमा कम्पनी समेत) को अंश ६४.३ प्रतिशत रहेको छ भने उत्पादन तथा प्रशोधन क्षेत्रको ३.२ प्रतिशत, होटलहरूको १.८ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.३ प्रतिशत, जलविद्युत क्षेत्रको ६.५ प्रतिशत र अन्यको २४.० प्रतिशत रहेको छ ।





१६. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०६८ असोज मसान्तसम्ममा २०९ रहेकोमा २०६९ असोज मसान्तसम्ममा २१४ पुगेको छ । सूचीकृत कम्पनीहरूमा पनि बैंक तथा वित्तीय संस्थाहरूको बाहुल्यता रहेको छ । २०६९ असोज मसान्तसम्ममा सूचीकृत कम्पनीहरूमध्ये १८२ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

१७. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक बिन्दुगत आधारमा १०.४ प्रतिशतले बढी २०६९ असोज मसान्तमा रु. १११ अर्ब ८२ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरू सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । चालू आर्थिक वर्षको तीन महिनासम्ममा रु. १ अर्ब ५२ करोड ५० लाख बराबरको साधारण शेयर, रु. २१ करोड ९९ लाख बराबरको बोनस शेयर र रु. २१ करोड १९ लाख बराबरको हकप्रद शेयर गरी कुल रु. १ अर्ब ९५ करोड ६८ लाख बराबरको धितोपत्र सूचीकृत भएको छ ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

१८. आर्थिक वर्ष २०६९/७० को असोज महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति १०.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ८.९ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक बिन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्कको वृद्धिदर ९.१ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको सूचकाङ्कमा ११.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको



मूल्य सूचकाङ्कमा क्रमशः ९.६ प्रतिशत र ८.२ प्रतिशतले वृद्धि भएको थियो ।


१९. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये घिउ तथा तेल उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्कको वृद्धिदर सबैभन्दा बढी अर्थात २२.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा १०.६ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ८.१ प्रतिशत र ११.४ प्रतिशतले वृद्धि भएको चिनी तथा मिठाई र सूर्तिजन्य पदार्थ उप-समूहहरुको मूल्य सूचकाङ्क समीक्षा अवधिमा क्रमशः २१.५ प्रतिशत र १७.९ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, अघिल्लो वर्षको सोहि अवधिमा ४.४ प्रतिशतले वढेको माछा-मासु उप समूहको मूल्य सूचकाङ्कमा समिक्षा अवधिमा १३.३ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा दलहन र मदिराजन्य पदार्थ उप-समूहहरुको विन्दुगत मूल्य सूचकाङ्क क्रमशः १६.५ प्रतिशत र १२.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः २.८ प्रतिशतले र २.२ प्रतिशतले ह्रास भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ११.९ प्रतिशत र ४.२ प्रतिशतले वृद्धि भएको रेष्टुरेन्ट तथा होटल र हल्का पेय पदार्थको मूल्य सूचकाङ्कमा समीक्षा अवधिमा क्रमशः १२.४ प्रतिशत र ११.४ प्रतिशतले वृद्धि भएको छ ।

२०. समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये यातायात उप-समूहको मूल्य सूचकाङ्कमा १५.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा १३.३ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा फर्निसिंग तथा घरायसी उपकरण र लत्ता-कपडा तथा जुत्ता-चप्पलउप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १५.० प्रतिशत र १३.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लेखित उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १२.९ प्रतिशत र १५.४ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा घरायसी उपयोगतर्फको उप-समूहहरुको मूल्य सूचकाङ्कमा १२.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्कमा ५.२ प्रतिशतले वृद्धि भएको थियो । संचार उप-समूहको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा २.७ प्रतिशतले ह्रास भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त उप-समूहको मूल्य सूचकाङ्कमा ८.८ प्रतिशतले ह्रास भएको थियो ।

२१. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सवैभन्दा बढी पहाडमा ११.१ प्रतिशत, तराईमा १०.८ प्रतिशत र काठमाडौं उपत्यकामा ९.७ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रहरुमा यस्तो मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः १०.० प्रतिशत, ९.३ प्रतिशत र ७.५ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

२२. समीक्षा अवधिमा थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर १०.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ६.१ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गत आयातीत वस्तु, कृषिजन्य वस्तु, तथा स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क क्रमशः ११.६ प्रतिशत, १०.६ प्रतिशत र ६.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको



थोकमूल्य सूचकाङ्क क्रमशः १२.० प्रतिशत, १.७ प्रतिशत र ११.० प्रतिशतले वृद्धि भएको थियो ।

२३. समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये नगदेवालीको थोक मूल्य सूचकाङ्कमा २१.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्कमा २४.० प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा ३.१ प्रतिशत र ७.९ प्रतिशतले ह्रास भएको पशुजन्य उत्पादन तथा दलहनको थोकमूल्य सूचकाङ्क समीक्षा अवधिमा क्रमशः १९.९ प्रतिशत र १८.१ प्रतिशतले वृद्धि भएको छ । यसैगरी अघिल्लो वर्षको सोही अवधिमा ६.५ प्रतिशतले ह्रास भएको खाद्यान्नको थोक मूल्य सूचकाङ्कमा समीक्षा अवधिमा ६.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा १३.७ प्रतिशतले ह्रास भएको मसलाको थोक मूल्य सूचकाङ्कमा समीक्षा अवधिमा पूनः १२.३ प्रतिशतले ह्रास आएको छ ।

२४. समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरु अन्तर्गतको खाद्यजन्य पदार्थको थोक मूल्य सूचकाङ्क ९.५ प्रतिशतले वृद्धि भएको छ । यसैगरी निर्माण सामाग्री एवं पेय तथा सुर्तीजन्य वस्तुको थोकमूल्य सूचकाङ्कमा क्रमशः ९.३ प्रतिशत र ३.२ प्रतिशतले वृद्धि भएको छ ।

२५. आयातीत वस्तुहरुमध्ये समीक्षा अवधिमा पेट्रोलियम पदार्थ तथा कोईला र औषधिजन्य पदार्थ उप-समूहहरुको थोकमूल्य सूचकाङ्क क्रमशः २६.७ प्रतिशत र ११.० प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, रासायनिक मल तथा रासायनिक पदार्थ र यातायातका साधन तथा मेशिनरी वस्तुको थोक मूल्य सूचकाङ्कमा क्रमशः ४.९ प्रतिशत र ४.३ प्रतिशतले वृद्धि भएको छ ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२६. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ११.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क २९.९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्कमा कुनै वृद्धि भएको छैन । तर ज्यालादर सूचकाङ्कमा १३.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तलब सूचकाङ्कमा १९.३ प्रतिशतले वृद्धि भएको थियो भने ज्यालादर सूचकाङ्कमा ३२.९ प्रतिशतले वृद्धि भएको थियो ।

**२७.** समीक्षा अवधिमा ज्यालादर अन्तर्गत औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क १९.९ प्रतिशतले, कृषि मजदुरको १२.३ प्रतिशतले तथा निर्माण मजदुरको ८.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित सूचकाङ्कहरुमा क्रमशः २३.५ प्रतिशत, ३६.५ प्रतिशत र ३७.३ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति *


### बजेट घाटा/बचत

२८. आर्थिक वर्ष २०६९/७० को तीन महिनासम्ममा सरकारी बजेट रु. १० अर्ब ९४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. २ अर्ब ४७ करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून रहेकोले सरकारी बजेट बचतमा रहेको हो ।

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६५ वटा मध्ये ६५ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४४ वटा मध्ये ३५ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल बंगलादेश बैंक लिमिटेडको १ शाखा र ग्लोबल आईएमई बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।


## सरकारी खर्च

२९. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च १३.४ प्रतिशतले वृद्धि भई रु. ५३ अर्ब २९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च ५.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा फ्रीज खर्चमा भएको उल्लेख्य वृद्धिको कारण कुल सरकारी खर्चमा विस्तार आएको हो ।




## सरकारी राजस्व

३०. आर्थिक वर्ष २०६९/७० को तीन महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन ३१.१ प्रतिशतले वृद्धि भई रु. ५७ अर्ब ४५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व १६.७ प्रतिशतले वृद्धि भई रु. ४३ अर्ब ८३ करोड पुगेको थियो । राजस्व प्रशासनमा निरन्तर सुधार, कर चुहावट नियन्त्रण एवं उपभोग र आयातमा वृद्धि आदि कारणले समीक्षा अवधिमा राजस्व परिचालनको वृद्धिदर उच्च रहेको हो ।




३१. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वमा १७.१ प्रतिशतले वृद्धि भई रु. १९ अर्ब ५९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा सो वृद्धिदर १४.८ प्रतिशत रहेको थियो। आयातमा भएको वृद्धि लगायत मूल्य अभिवृद्धि कर चुहावट नियन्त्रणका साथै मूल्य अभिवृद्धि कर प्रशासनमा भएका सुधारका कारण समीक्षा अवधिमा मूल्य अभिवृद्धि करको वृद्धिदरमा विस्तार आएको हो ।

**३२.** समीक्षा अवधिमा नेपाल सरकारको भन्सार महसूलबाट प्राप्त हुने राजस्व ४४.६ प्रतिशतले वृद्धि भई रु. १३ अर्ब ७९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो राजस्व १४.८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा आयातमा उच्च वृद्धि हुनुका साथै उच्च भन्सार दर लाग्ने सवारी साधनहरु तथा पाटपुर्जाको आयातमा वृद्धि भएको कारण भन्सार राजस्वको वृद्धिदरमा विस्तार आएको हो ।

**३३.** समीक्षा अवधिमा अन्तःशुल्क राजस्वमा २१.१ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब ३७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त राजस्व १०.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा उच्च अन्तःशुल्क दर भएका सवारीसाधनको आयातमा वृद्धि र अन्तःशुल्क प्रशासनमा गरिएका सुधारका प्रयासहरुका कारण अन्तःशुल्क राजस्वमा वृद्धि भएको हो ।

३४. समीक्षा अवधिमा सरकारको आयकर राजस्व ४०.५ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब ९२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा आयकर राजस्व १४.९ प्रतिशतले मात्र वृद्धि भएको

थियो । समीक्षा अवधिमा आयकर प्रशासनमा भएको सुधारको सकारात्मक प्रभाव र करदाता शिक्षामा जोड दिएको कारण आयकर राजस्वमा वृद्धि भएको हो ।

३५. समीक्षा अवधिमा नेपाल सरकारको गैर-कर राजस्व ६२.३ प्रतिशतले वृद्धि भई रु. ५ अर्ब २० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा गैर-कर राजस्व ८३.७ प्रतिशतले वृद्धि भएको थियो ।


### वैदेशिक नगद ऋण र अनुदान

३६. आर्थिक वर्ष २०६९/७० को तीन महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु. ४४ करोड ९२ लाख र वैदेशिक नगद अनुदानवापत् रु. ३ अर्ब ६६ करोड प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रु. ८९ करोड ६४ लाख र रु. ५ अर्ब ७१ करोड प्राप्त भएको थियो ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

३७. आर्थिक वर्ष २०६९/७० को तीन महिनासम्ममा कुल वस्तु निर्यात १४.९ प्रतिशतले वृद्धि भई रु. २० अर्ब ७३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ८.१ प्रतिशतले वृद्धि भई रु. १८ अर्ब ४ करोड रहेको थियो । मासिक रुपमा हेर्दा चालू आर्थिक वर्षको असोज महिनामा कुल वस्तु निर्यात भदौ महिनाको तुलनामा सीमान्त दरले ह्रास आएको छ ।




३८. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको १२.९ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ६.० प्रतिशतले बढेको छ । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिको ०.६ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ३१.० प्रतिशतले बढेको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको ०.५ प्रतिशत ह्रासको विपरीत समीक्षा अवधिमा ११.२ प्रतिशले वृद्धि भई अमेरिकी डलर ९ करोड ६७ लाख पुगेको छ । भारततर्फ मुख्यतयाः जी. आई. पाइप, जुटको वोरा, पोलिष्टर धागो, लत्ताकपडा र जुसको निर्यात बढेको छ भने अन्य मुलुकतर्फ विशेषगरी दाल, छाला र तयारी छालाका वस्तुको निर्यातमा वृद्धि भएको छ ।

३९. समीक्षा अवधिमा कुल वस्तु आयात ३६.१ प्रतिशतले बढेर रु. १३६ अर्ब ४८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ७.७ प्रतिशतले वृद्धि भई रु. १०० अर्ब २६ करोड रहेको थियो । भारत तथा अन्य मुलुक दुवै तर्फको आयात उल्लेख्य दरले बढेको कारण कुल वस्तु आयातको वृद्धिदर अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा उच्च रहन गएको हो । मासिक रुपमा हेर्दा असोज महिनामा कुल वस्तु आयात भदौ महिनाको तुलनामा ५.० प्रतिशतले वृद्धि भएको छ ।

४०. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको १.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३६.० प्रतिशतको उच्च दरले बढेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको २१.९ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३६.३ प्रतिशतले बढेको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको २१.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १५.५ प्रतिशले वृद्धि भई अमेरिकी डलर ५६ करोड ६८ लाख पुगेको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, एम.एस बिलेट, रासायनिक मल, सिमेन्ट र धान/चामल लगायतको आयात बढेको कारण त्यस तर्फको आयात उच्च दरले बढेको हो । अन्य मुलुकबाट विशेषगरी पाइप तथा पाइप फिटिङ, दूरसञ्चारका उपकरण, सुन, तयारी पोसाक र खाने तेल लगायतको आयात बढेको कारण त्यस तर्फको आयात बढेको हो ।

४१. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा ४०.८ प्रतिशतले वृद्धि भई रु. ११५ अर्ब ७५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा ७.६ प्रतिशतले मात्र बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा ४२.७ प्रतिशतको उच्च दरले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसंगको यस्तो घाटा १.२ प्रतिशतले घटेको थियो । त्यस्तै, अघिल्लो वर्षको सोही अवधिमा २७.७ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा ३७.५ प्रतिशतले बढेको छ ।

४२. आयातको वृद्धिदर उच्च रहेको कारण निर्यात-आयात अनुपात समीक्षा अवधिमा १५.२ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १८.० प्रतिशत रहेको थियो ।

## शोधनान्तर स्थिति

४३. आर्थिक वर्ष २०६९/७० को तीन महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. ३५ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वचत रु. ३३ अर्ब ६६ करोड रहेको थियो । समीक्षा अवधिमा चालू खाता घाटा रु. २ अर्ब ९४ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता रु. १३ अर्ब ८२ करोडले बचतमा रहेको थियो । खासगरी वस्तु तथा सेवा आयातमा भएको उल्लेख्य वृद्धिका कारण समीक्षा अवधिमा चालू खाता घाटामा रहन गएको हो । अमेरिकी डलरमा समीक्षा अवधिमा शोधनान्तर बचत २१ लाख डलर र चालू खाता घाटा ३ करोड ४३ लाख डलर रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर बचत ४४ करोड ७१ लाख डलर र चालू खाता बचत १७ करोड ८८ लाख डलर रहेको थियो ।

४४. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्षको सोही अवधिमा ६.९ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ३९.८ प्रतिशतको उच्च दरले बढी रु. ११० अर्ब ९६ करोड पुगेको छ । समीक्षा अवधिमा खुद सेवा आय रु. २ अर्ब ४७ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु. ३ अर्ब २९ करोड वचतमा रहेको थियो । त्यस्तै, खुद ट्रान्सफर आय अघिल्लो वर्षको सोही अवधिको १९.० प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २५.५ प्रतिशतले बढी रु. ११० अर्ब ४२ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गतको विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिमा २८.३ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २८.८ प्रतिशतले वृद्धि भई रु. ९७ अर्ब ७२ करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको सोही अवधिमा २६.६ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १०.० प्रतिशतले वृद्धि भई १ अर्ब १२ करोड डलर पुगेको छ । मासिकरुपमा हेर्दा, विप्रेषण आप्रवाह चालू आर्थिक वर्षको भदौ महिनाको तुलनामा असोज महिनामा ४९.५ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा वित्तीय खाता अन्तर्गत रु. २ अर्ब ५ करोडको प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ ।

## विदेशी विनिमय सञ्चिति

४५. २०६९ असोज मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६९ असार मसान्तको रु. ४३९ अर्ब ४६ करोडको तुलनामा २.२ प्रतिशतले ह्रास भई रु. ४२९ अर्ब ९५ करोड रहेको छ । २०६८ असोज मसान्तमा यस्तो सञ्चिति २०६८ असार मसान्तको तुलनामा १९.४ प्रतिशतले बढेर रु. ३२४ अर्ब ९७ करोड रहेको थियो । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६९ असार मसान्तको रु. ३७५ अर्ब ५२ करोडबाट ५.० प्रतिशतले ह्रास आई २०६९ असोज मसान्तमा रु. ३५६ अर्ब ९३ करोड रहेको छ । अमेरिकी डलरमा भने बैंकिङ्ग क्षेत्रको कुल सञ्चिति २०६९ असारदेखि २०६९ असोज मसान्तसम्ममा २.५ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ५ अर्ब ८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति ४.४ प्रतिशतले घटेको थियो । त्यसैगरी, समीक्षा अवधिमा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति ३.८ प्रतिशतले ह्रास आई भा.रु. ५८ अर्ब ११ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति २९.३ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६९/७० को तीन महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ९.७ महिनाको वस्तु आयात र ८.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

चार्ट १०: कूल विदेशी विनिमय सञ्चिति (असोज मसान्त)




## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

४६. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६८ असोज मसान्तमा प्रति व्यारल अमेरिकी डलर ११४.३३ रहेकोमा २०६९ असोज मसान्तमा ०.६ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ११५.०० पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६८ असोज मसान्तको तुलनामा २०६९ असोज मसान्तमा ४.१ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १७४६.५० कायम रहेको छ ।

४७. २०६९ असार मसान्तको तुलनामा २०६९ असोज मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.७ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ९.२ प्रतिशतले अवमूल्यन भएको थियो । २०६९ असोज मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ८४.६० पुगेको छ । २०६९ असार मसान्तमा उक्त विनिमय दर रु. ८८.६० रहेको थियो ।